# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
## सिंहदरबार, काठमाडौं

**आर्थिक वर्ष २०८०/८१ का लागि एकल कर प्रशासनअन्तर्गत प्रदेश सरकारले सङ्कलन गरी स्थानीय विभाज्य कोषमा जम्मा गर्ने सवारी साधन करलाई स्थानीय सरकारबीच बाँडफाँट सम्बन्धमा प्रदेश सरकार, कोशी प्रदेशलाई गरिएको सिफारिस**

सिफारिस मितिः २०७९/१२/२९गते, बुधबार

### १. पृष्ठभूमि

सङ्घीय शासन प्रणालीको महत्वपूर्ण आधारस्तम्भको रूपमा वित्तीय सङ्घीयता रहेको हुन्छ। वित्तीय सङ्घीयताका विभिन्न अवयवहरू मध्येको एक भनेको सङ्घीय इकाइहरू बीचमा राजस्व अधिकारको बाँडफाँट हो। तहगत सरकार बीचमा एकातर्फ खर्चको आवश्यकताका आधारमा राजस्व अधिकारको बाँडफाँट गरिन्छ भने अर्कोतर्फ समग्र राजस्व प्रशासनलाई मितव्ययी एवम् प्रभावकारी बनाउन र करदाताहरूको कर कानुन पालनालाई सहज तुल्याउन पनि तहगत सरकार बीच राजस्व प्रशासन सम्बन्धमा आवश्यक समन्वय तथा सहकार्यको आवश्यकता पर्दछ।

नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय सरकारको एकल तथा साझा अधिकारका विषयहरू सूचीकृत गर्नुका साथै तीनै तहको आर्थिक कार्यप्रणाली सम्बन्धमा समेत छुट्टाछुट्टै व्यवस्था गरेको छ। साथै, तहगत सरकार बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने समेत स्पष्ट उल्लेख गरिएको छ। संविधानको उल्लिखित व्यवस्थालाई आत्मसात गर्दै प्रदेश र स्थानीय सरकारको एकल अधिकार क्षेत्रभित्र परेका घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर र विज्ञापन कर उठाउने अधिकारलाई अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले एकल कर प्रशासनको दायरामा ल्याई त्यसरी सङ्कलित राजस्व आयलाई प्रदेश र स्थानीय तह बीचमा बाँडफाँटको व्यवस्था गरेको छ।

एकल कर प्रशासन अन्तर्गत सवारी साधन करको दर निर्धारण र सङ्कलनको कार्य प्रदेश सरकारले गर्दछ भने त्यसरी सङ्कलित कर रकमको ६० प्रतिशतले हुने रकम प्रदेश सरकारलाई र ४० प्रतिशतले हुने रकम स्थानीय सरकारलाई बाँडफाँट गर्ने व्यवस्था अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६क. को उपदफा (२) ले गरेको छ। साथै, स्थानीय सरकारलाई बाँडफाँट हुने कुल रकमलाई प्रदेशभित्र रहेका स्थानीय सरकार बीचमा बाँडफाँटको आधार र ढाँचा निर्धारणको अधिकार तथा जिम्मेवारी संवैधानिक निकायको रूपमा रहेको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको रहेको छ। यसै व्यवस्थालाई कार्यान्वयन गर्ने क्रममा विगतका वर्षहरूमा जस्तै आगामी आर्थिक वर्ष २०८०/८१ का लागि पनि प्रदेश सरकारले सङ्कलन गरी स्थानीय विभाज्य कोषमा जम्मा गर्ने सवारी साधन करलाई स्थानीय सरकारबीच बाँडफाँटको आधार, ढाँचा र हिस्सा यस आयोगबाट निर्धारण गरी प्रदेश सरकारसमक्ष सिफारिस गरिएको छ।

### २. कानुनी व्यवस्था

#### क. नेपालको संविधान

- **धारा ६०. राजस्व स्रोतको बाँडफाँटः** (१) सङ्घ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकार क्षेत्रभित्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्नेछन्। तर साझा सूचीभित्रको विषयमा र कुनै पनि तहको सूचीमा नपरेका विषयमा कर लगाउने र राजस्व उठाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

  (७) सङ्घ, प्रदेश र स्थानीय तहबीच राजस्वको बाँडफाँट गर्दा सन्तुलित र पारदर्शी रूपमा गर्नु पर्नेछ।

- **अनुसूची ६ - प्रदेशको अधिकारको सूचीः** क्र.सं.४ मा सवारी साधन कर समेत रहेको।
- **अनुसूची ८ - स्थानीय तहको अधिकारको सूचीः** क्र.सं.४ मा सवारी साधन कर समेत रहेको।

**ख. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४**

- **दफा ५. एकल कर प्रशासनः** (१) यस ऐन तथा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि संविधानको अनुसूचीमा प्रदेश र स्थानीय तह दुबैको अधिकारसूचीमा रहेका देहायको कर देहाय बमोजिम लगाइने र उठाइनेछः-

  (क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने,

  तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउनेछ।

- **दफा ६क. सवारी साधन करको बाँडफाँटः** (१) दफा ५ उपदफा (१) को खण्ड (क) बमोजिम प्रदेशले लगाएको र उठाएको सवारी साधन करबाट उठेको रकम प्रदेश सरकारले प्रदेश विभाज्य कोषमा जम्मा गर्नेछ।

  (२) उपदफा (१) बमोजिम प्रदेश विभाज्य कोषमा जम्मा भएको रकममध्ये साठी प्रतिशत प्रदेश सरकारलाई र चालीस प्रतिशत स्थानीय तहलाई बाँडफाँट गरिनेछ।

  (३) उपदफा (२) बमोजिम प्रदेश विभाज्य कोषमा जम्मा भएको रकममध्ये प्रदेश सरकारले प्राप्त गर्ने रकम प्रदेश सञ्चित कोषमा दाखिला गरिनेछ र स्थानीय तहलाई प्रदान गरिने रकम स्थानीय विभाज्य कोषमा जम्मा गरिनेछ।

  (४) उपदफा (३) बमोजिम स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम संविधान र यस ऐनको अधीनमा रही आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँट गर्नेछ।

  (५) उपदफा (४) बमोजिम बाँडफाँटबाट प्रत्येक स्थानीय तहले प्राप्त गर्ने रकम प्रदेश सरकारले मासिक रूपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

  (६) यस दफा बमोजिम बाँडफाँट हुने रकम आर्थिक वर्षको अन्तिम महिनामा हिसाब मिलान गरिनेछ।

## ३. सवारी साधन कर बाँडफाँटको सिफारिसमा प्रयोग गरिएका तथ्याङ्कको स्रोत

सवारी साधन करलाई प्रदेश भित्रका स्थानीय सरकारबीचमा बाँडफाँटको हिस्सा निर्धारण गर्दा विभिन्न स्रोतहरूबाट तथ्याङ्क सङ्कलन गरिएको छ, जसको विवरण यसप्रकार रहेको छः

| क्र.सं. | सूचक | स्रोत |
|---|---|---|
| १. | जनसङ्ख्या | राष्ट्रिय जनगणना २०६८, केन्द्रीय तथ्याङ्क विभाग |
| २. | सडकको लम्बाइ | सडक विभाग, शहरी विकास तथा भवन निर्माण विभाग र स्थानीय पूर्वाधार विभाग |
| ३. | वनले ढाकेको क्षेत्रफल | वन तथा वातावरण मन्त्रालय |

## ४. सवारी साधन कर बाँडफाँटको हिस्सा सिफारिस गर्न लिइएका आधार र ढाँचा तथा सोको व्याख्या एवम् विश्लेषण

आर्थिक वर्ष २०८०/८१ का लागि प्रदेश सरकारले सङ्कलन गरी स्थानीय विभाज्य कोषमा जम्मा गर्ने सवारी साधन करलाई प्रदेश अन्तर्गतका स्थानीय सरकार बीचमा बाँडफाँट सम्बन्धमा यस आयोगले अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६क. को उपदफा (४) ले गरेको व्यवस्था बमोजिम देहायको आधार र ढाँचा निर्धारण गरी बाँडफाँटको हिस्सा सिफारिस गरेको छः

| क्र.सं. | सूचक | भार प्रतिशत |
|---|---|---|
| १. | जनसङ्ख्या | ४५% |
| २. | सडकको लम्बाइ | ४५% |
| ३. | वनले ढाकेको क्षेत्रफल | १०% |

### क. जनसङ्ख्या

प्रत्येक स्थानीय सरकारमा प्रयोगमा आउने सवारी साधनको सङ्ख्याको निर्धारण प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सोही स्थान विशेषका जनताको सङ्ख्याले निर्धारण गरेको हुन्छ भने सवारी साधनको प्रयोगसँगै हुने सकारात्मक तथा नकारात्मक असर/प्रभाव पनि स्थानीय जनतामा नै सबै भन्दा बढी परेको हुन्छ। यस अर्थमा सवारी साधनबाट प्राप्त हुने करको बाँडफाँटको एउटा महत्वपूर्ण सूचकको रूपमा सम्बन्धित स्थानीय सरकारका जनताको सङ्ख्या रहनुपर्ने हुन्छ। यसै यथार्थतालाई स्वीकार गर्दै, साथै समग्र सूचकको सङ्ख्या र सापेक्षित महत्त्वलाई समेत ख्याल गर्दै सवारी साधन कर बाँडफाँटको हिस्सा निर्धारण गर्ने प्रयोजनार्थ स्थानीय सरकारको जनसङ्ख्यालाई ४५ प्रतिशत भार दिइएको छ।

### ख. सडकको लम्बाइ

सडक सञ्जाल र सवारी साधनको सङ्ख्याबीचमा सीधा सम्बन्ध रहन्छ। जहाँ धेरै सवारी साधन हुन्छन, त्यहाँ धेरै सडक विस्तारको आवश्यकता पर्दछ। जहाँ सडक सञ्जाल पुगेको हुन्छ, त्यहाँ सवारी साधनको आवागमन हुन्छ। सवारी साधन कर सङ्कलनको एउटा महत्वपूर्ण उद्देश्य भनेको ती सवारी साधन गुड्ने सडकको मर्मत सम्भार एवम् स्तरोन्नति गर्नु पनि हो। यस अर्थमा सवारी साधन करको बाँडफाँटको एउटा महत्वपूर्ण सूचकको रूपमा सम्बन्धित स्थानीय सरकारमा रहेको सडक सञ्जाल (सडकको लम्बाइ) लाई लिनु आवश्यक हुन्छ। अतः प्रत्येक स्थानीय सरकारको सडकको लम्बाइलाई सवारी साधन कर बाँडफाँटको एउटा आधार वा सूचकको रूपमा समावेश गरिएको छ। साथै, समग्र सूचकहरूको सङ्ख्या र सडक लम्बाइको सापेक्षित महत्व समेतलाई ध्यानमा राख्दै यस आधारलाई ४५ प्रतिशत भार प्रदान गरिएको छ।

### ग. वनले ढाकेको क्षेत्रफल

सवारी साधनको उपयोगमा वृद्धि हुदै जाँदा यसले वातावरणीय पक्षमा विस्तारै नकारात्मक असर पार्दछ। सवारी साधनको अत्यधिक प्रयोगले कार्बनजन्य प्रदूषणको समस्या सिर्जना हुन्छ। सवारी साधनहरूले निसृत गर्ने कार्बनजन्य प्रदूषणको उपयुक्त र भरपर्दो समाधानका लागि वन तथा हरियालीको संरक्षण र प्रवर्द्धनले सहयोग पुऱ्याउनेछ। वन क्षेत्रको विद्यमान अवस्थितिलाई कायमै राख्न तथा थप वन क्षेत्रको विस्तारका लागि स्थानीय सरकारले गरेका प्रयासहरूलाई कर बाँडफाँटको माध्यमबाट प्रोत्साहित गर्नुपर्ने हुन्छ। हाल स्थानीय सरकारगत रूपमा प्रत्येक वर्ष वन क्षेत्रको विस्तारसम्बन्धी विस्तृत सूचक उपलब्ध हुन नसकेको अवस्थामा विद्यमान वनको क्षेत्रसम्बन्धी प्राप्त

पछिल्लो तथ्याङ्कलाई सवारी साधन कर बाँडफाँटको एउटा आधारको रूपमा समावेश गरिएको छ। साथै भविष्यमा वन क्षेत्रको विस्तारमा गरेको वार्षिक प्रगतिलाई समेत थप सूचकको रूपमा समावेश गर्दै लगिनेछ। सवारी साधन करको रकमलाई वन क्षेत्रको संरक्षण र विस्तारमा परिचालन गर्न सकियोस् भन्ने उद्देश्यका साथ स्थानीय सरकारको वनले ढाकेको क्षेत्रफललाई १० प्रतिशत भार दिइएको छ।

उपरोक्त आधार र ढाँचामा रहेर आर्थिक वर्ष २०८०/८१ का लागि प्रदेश सरकार, कोशी प्रदेशले सङ्कलन गरी स्थानीय विभाज्य कोषमा जम्मा गर्ने सवारी साधन करलाई सो प्रदेश भित्रका स्थानीय सरकार बीचमा बाँडफाँटको हिस्सा संलग्न अनुसूची बमोजिम हुने गरी सिफारिस गरिएको छः

## ५. सवारी साधन कर सङ्कलन तथा बाँडफाँट र उपयोगसम्बन्धी सुझावहरू

### क. सवारी साधन कर सङ्कलन सम्बन्धमाः

- सवारी साधन कर सङ्कलनलाई विस्तार गर्ने क्रममा पछिल्ला वर्षहरूमा प्रदेश सरकार बीचमा अस्वस्थ प्रतिस्पर्धाको लक्षण देखिन थालेको छ। विशेषगरी एक प्रदेशमा दर्ता भएका सवारी साधनहरू अन्य प्रदेशमा ठाउँसारी भई आएमा राजस्व छुट दिने भन्ने नीति केही प्रदेश सरकारले अख्तियार गरेको पाइएको छ। यस किसिमको नीतिले समग्रमा सवारी साधन करको दायरा र राजस्व वृद्धि हुन सक्दैन, बरू सङ्कलन भैरहेको राजस्व गुम्ने अवस्थामा पुग्दछ। साथै, प्रदेश-प्रदेश बीचको समन्वय र सहकार्यमा समेत प्रतिकुल असर पर्न सक्नेछ। अतः प्रदेश सरकारले सवारी साधन कर सङ्कलनसम्बन्धी नीति तय गर्दा अन्य प्रदेशहरूसँग समेत स्वस्थ समन्वय र सहकार्य रहने गरी प्रादेशिक करको दरमा सकेसम्म समानता रहने गरी निर्धारण गर्नु उपयुक्त हुनेछ।
- एक प्रदेशमा दर्ता एवम् नवीकरण भएका सवारी साधनहरू अन्य प्रदेशहरूमा पनि निर्वाध रूपमा आवागमन गर्न पाउने व्यवस्था सुरक्षित रहेको छ। यस क्रममा कतिपय सवारी धनीले आफूले तिर्नु बुझाउनुपर्ने सवारी साधन कर नेपाल भित्र आफू जुन स्थानमा बसेको छ, सो नजिकै रहेको सवारी साधन कर उठाउने कार्यालयबाट बुझाउन मिल्ने व्यवस्था मिलाउँदा करदातालाई सहज हुनेछ भने त्यसरी सङ्कलन हुने राजस्वलाई प्रदेश-प्रदेश बीचको समन्वयमा सम्बन्धित प्रदेशमा हस्तान्तरण गर्न सकिनेछ। अतः यसतर्फ सम्बन्धित प्रदेश सरकारले ध्यान दिनु उपयुक्त हुनेछ। साथै, आधुनिक सूचना प्रविधिको प्रयोग गर्दै विद्युतीय प्रणालीबाट सवारी साधन करको भुक्तानी व्यवस्था मिलाउँदा राजस्व भुक्तानी र सङ्कलनमा थप सहजता आउनेछ।

### ख. सवारी साधन करको बाँडफाँट सम्बन्धमाः

- प्रदेश सरकारले सङ्कलन गरेको कुल सवारी साधन करको ४० प्रतिशतले हुने रकम स्थानीय सरकारलाई बाँडफाँट गर्नुपूर्व स्थानीय विभाज्य कोषमा जम्मा गरिने र त्यस्तो कोषमा जम्मा भएको रकमलाई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेको हिस्सा बमोजिम प्रदेश सरकारले स्थानीय सरकारको सञ्चित कोषमा मासिक रूपमा हस्तान्तरण गर्दै जानुपर्ने कानुनी व्यवस्था रहेको छ। तर हालसम्मको अभ्यासमा प्रदेश सरकारले सवारी साधन कर बाँडफाँटको रकमलाई मासिक रूपमा स्थानीय सञ्चित कोषमा जम्मा हुने गरी हस्तान्तरण गरेको पाइएको छैन। यस किसिमको व्यवहारले कानुनी व्यवस्थाको पूर्ण पालना नभएको कारणले स्थानीय सरकारको स्रोत व्यवस्थापनमा कठिनाई उत्पन्न भएको छ। अतः सबै प्रदेश सरकारले स्थानीय सरकारलाई बाँडफाँट गर्नुपर्ने सवारी साधन करको रकम मासिक रूपमा स्थानीय सञ्चित कोषमा जम्मा हुने गरी अनिवार्य हस्तान्तरण गर्नु पर्नेछ।

- प्रदेश सरकारले सङ्कलन गरेको सवारी साधन करलाई यथार्थ समयमा आधारित (Real Time Based) रहेर कानूनबमोजिम प्रदेश विभाज्य कोष र तत् पश्चात स्थानीय विभाज्य कोषमा स्वतः जम्मा हुने र मासिक रूपमा सम्बन्धित स्थानीय सरकारको सञ्चित कोषमा जम्मा हुने किसिमको विद्युतीय प्रणालीको स्थापना र सञ्चालन गर्न सक्दा सवारी साधन करको बाँडफाँटमा थप प्रभावकारिता र पारदर्शिताको विकास हुनेछ।
- प्रदेश सरकारले आयोगबाट सिफारिस भएको हिस्साको आधारमा बाँडफाँट हुने सवारी साधन करको अनुमानित रकमको विवरण स्थानीय सरकारले बजेट पेश गर्ने समयभन्दा कम्तीमा एक महिना अगावै उपलब्ध गराउनुपर्नेछ।

**ग. सवारी साधन करको उपयोग सम्बन्धमाः**

सामान्यतयाः सरकारले सङ्कलन गर्ने राजस्व आयलाई सरकारको आवश्यकता अनुसार जुनसुकै क्षेत्रमा विनियोजन र खर्च गर्न सक्ने भए तापनि सम्बन्धित करदाता प्रतिको जवाफदेहिता निभाउने क्रममा सङ्कलित राजस्वको प्रयोग कहाँ र कसरी भईरहेको छ भनी देखाउनु पारदर्शी सरकारको गुण हो। सवारी साधन कर सङ्कलनको कार्य सरकारको समग्र राजस्व आय सङ्कलनसँग मात्र आवद्ध नगरी यसको विशिष्ट उद्देश्यलाई समेत ध्यान दिनु आवश्यक छ। सवारी साधन कर सङ्कलनको उद्देश्य सवारी साधनको सहज आवागमनका लागि आवश्यक सडक पूर्वाधारको विस्तार र मर्मत सम्भार गर्नुको साथै सवारी साधनको प्रयोगबाट उत्पन्न हुन सक्ने सम्भाव्य नकारात्मक असर तथा प्रभावलाई न्यूनीकरण गर्न आवश्यक नियन्त्रणात्मक उपायहरू अपनाउन आवश्यक स्रोतको व्यवस्थापन गर्नु समेत हो। यसै सन्दर्भमा सवारी साधन कर बाँडफाँटको रकमलाई प्रदेश तथा स्थानीय सरकारले मूलतः देहायका कार्यमा विनियोजन र खर्च गर्नु आवश्यक देखिन्छः

- प्रादेशिक तथा स्थानीय सडकको मर्मत सम्भार गर्न,
- प्रादेशिक तथा स्थानीय सडकको सुरक्षासम्बन्धी आवश्यक सङ्केत चिन्ह, सूचना लगायतका पूर्वाधारको स्थापना र मर्मत सम्भार गर्न,
- सवारी चालक तथा सहचालकहरू, यात्रुहरू र आम नागरिकहरूका बीचमा सडकको सुरक्षित उपयोगसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न,
- सवारी साधनको प्रयोगसँगै यसबाट वातावरणमा पर्ने असर/प्रभावलाई न्यूनीकरण गर्ने कार्य, मूलतः वनजङ्गलको संरक्षण र प्रवर्द्धनसम्बन्धी कार्यक्रम सञ्चालन गर्न,
- वातावरणमैत्री सवारीसाधनको प्रवर्द्धन गर्न,
- प्रदेश र स्थानीय सरकारको सार्वजनिक यातायात प्रणालीलाई व्यवस्थित बनाउन मूलतः बसपार्क, यात्रु प्रतिक्षालय तथा सार्वजनिक शौचालय निर्माण लगायतका पूर्वाधार निर्माण गर्न।

***

**अनुसूची**

**आर्थिक वर्ष २०८०/८१ का लागि एकल कर प्रशासनअन्तर्गत प्रदेश सरकार, कोशी प्रदेशले सङ्कलन गरी स्थानीय विभाज्य कोषमा जम्मा गर्ने सवारी साधन करको स्थानीय सरकारबीच बाँडफाँटको हिस्सा**

| क्र.सं. | जिल्ला | संकेत नं. | स्थानीय सरकारको नाम | सवारी साधन करको बाँडफाँट हिस्सा |
|---|---|---|---|---|
| १ | ताप्लेजुङ | १०१०१ | फक्ताङ्लुङ्ग गाउँपालिका | ०.००६९४०९९ |
| २ | ताप्लेजुङ | १०१०२ | मिक्वाखोला गाउँपालिका | ०.००३३१५६५ |
| ३ | ताप्लेजुङ | १०१०३ | मेरिङ्गदेन गाउँपालिका | ०.००३१८३०८ |
| ४ | ताप्लेजुङ | १०१०४ | मैवाखोला गाउँपालिका | ०.००२३८६१२ |
| ५ | ताप्लेजुङ | १०१०५ | आठराई त्रिवेणी गाउँपालिका | ०.००२४४८८४ |
| ६ | ताप्लेजुङ | १०१०६ | फुङलिङ्ग नगरपालिका | ०.०११८१८४२ |
| ७ | ताप्लेजुङ | १०१०७ | पाथिभरा याङ्वराक गाउँपालिका | ०.००२९२९८७ |
| ८ | ताप्लेजुङ | १०१०८ | सिरीजङ्घा गाउँपालिका | ०.००४३६५८० |
| ९ | ताप्लेजुङ | १०१०९ | सिदिङ्गवा गाउँपालिका | ०.००२७९६९८ |
| १० | संखुवासभा | १०२०१ | भोटखोला गाउँपालिका | ०.००५१४८३३ |
| ११ | संखुवासभा | १०२०२ | मकालु गाउँपालिका | ०.००७३२७४३ |
| १२ | संखुवासभा | १०२०३ | सिलीचोङ गाउँपालिका | ०.००४५११५२ |
| १३ | संखुवासभा | १०२०४ | चिचिला गाउँपालिका | ०.००१८२०७५ |
| १४ | संखुवासभा | १०२०५ | सभापोखरी गाउँपालिका | ०.००२९३८८५ |
| १५ | संखुवासभा | १०२०६ | खाँदबारी नगरपालिका | ०.०१०९१३४१ |
| १६ | संखुवासभा | १०२०७ | पाँचखपन नगरपालिका | ०.००४०४९१५ |
| १७ | संखुवासभा | १०२०८ | चैनपुर नगरपालिका | ०.०१६८१०७६ |
| १८ | संखुवासभा | १०२०९ | मादी नगरपालिका | ०.००२७५३५४ |
| १९ | संखुवासभा | १०२१० | धर्मदेवी नगरपालिका | ०.००४३६३२२ |
| २० | सोलुखुम्बु | १०३०१ | खुम्बु पासाङल्हामु गाउँपालिका | ०.००२७२५४९ |
| २१ | सोलुखुम्बु | १०३०२ | माहाकुलुङ गाउँपालिका | ०.००३३४६७३ |
| २२ | सोलुखुम्बु | १०३०३ | सोताङ गाउँपालिका | ०.००१५२७०६ |
| २३ | सोलुखुम्बु | १०३०४ | माप्य दुधकोशी गाउँपालिका | ०.००२२९४९० |
| २४ | सोलुखुम्बु | १०३०५ | थुलुङ दुधकोशी गाउँपालिका | ०.००३२३१४८ |
| २५ | सोलुखुम्बु | १०३०६ | नेचासल्यान गाउँपालिका | ०.००२२९५४९ |
| २६ | सोलुखुम्बु | १०३०७ | सोलुदुधकुण्ड नगरपालिका | ०.०१००४६९१ |

| क्र.सं. | जिल्ला | संकेत नं. | स्थानीय सरकारको नाम | सवारी साधन करको बाँडफाँट हिस्सा |
|---|---|---|---|---|
| २७ | सोलुखुम्बु | १०३०८ | लिखु पिके गाउँपालिका | ०.००२०२१३० |
| २८ | ओखलढुङ्गा | १०४०१ | चिशंखुगढी गाउँपालिका | ०.००२४८१९९ |
| २९ | ओखलढुङ्गा | १०४०२ | सिद्धिचरण नगरपालिका | ०.००९५४७५७ |
| ३० | ओखलढुङ्गा | १०४०३ | मोलुङ्ग गाउँपालिका | ०.००३०९०६५ |
| ३१ | ओखलढुङ्गा | १०४०४ | खिजीदेम्बा गाउँपालिका | ०.००३१५४९१ |
| ३२ | ओखलढुङ्गा | १०४०५ | लिखु गाउँपालिका | ०.००२६९२८५ |
| ३३ | ओखलढुङ्गा | १०४०६ | चम्पादेवी गाउँपालिका | ०.००३२५०४६ |
| ३४ | ओखलढुङ्गा | १०४०७ | सुनकोशी गाउँपालिका | ०.००३५२५०६ |
| ३५ | ओखलढुङ्गा | १०४०८ | मानेभन्ज्याङ्ग गाउँपालिका | ०.००४७१९१३ |
| ३६ | खोटाङ | १०५०१ | केपिलासगढी गाउँपालिका | ०.००४११७६१ |
| ३७ | खोटाङ | १०५०२ | ऐसेलुखर्क गाउँपालिका | ०.००२८८८९९ |
| ३८ | खोटाङ | १०५०३ | रावा बेसी गाउँपालिका | ०.००३३७४१२ |
| ३९ | खोटाङ | १०५०४ | हलेसी तुवाचुङ नगरपालिका | ०.०१७५९५९७ |
| ४० | खोटाङ | १०५०५ | दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका | ०.०२१७५३४४ |
| ४१ | खोटाङ | १०५०६ | साकेला गाउँपालिका | ०.००३०५८७८ |
| ४२ | खोटाङ | १०५०७ | दिप्रुङ चुइचुम्मा गाउँपालिका | ०.००४४४७२६ |
| ४३ | खोटाङ | १०५०८ | खोटेहाङ गाउँपालिका | ०.००५८०६९६ |
| ४४ | खोटाङ | १०५०९ | जन्तेढुङ्गा गाउँपालिका | ०.००३३३४४० |
| ४५ | खोटाङ | १०५१० | बराहपोखरी गाउँपालिका | ०.००३५०६१३ |
| ४६ | भोजपुर | १०६०१ | षडानन्द नगरपालिका | ०.०१५१४१६३ |
| ४७ | भोजपुर | १०६०२ | साल्पासिलिछो गाउँपालिका | ०.००२८६१४३ |
| ४८ | भोजपुर | १०६०३ | टेम्केमैयुङ गाउँपालिका | ०.००४०४१३२ |
| ४९ | भोजपुर | १०६०४ | भोजपुर नगरपालिका | ०.०१३१४००६ |
| ५० | भोजपुर | १०६०५ | अरुण गाउँपालिका | ०.००४८३५२९ |
| ५१ | भोजपुर | १०६०६ | पौवा दुङ्मा गाउँपालिका | ०.००२८३२९७ |
| ५२ | भोजपुर | १०६०७ | रामप्रसाद राई गाउँपालिका | ०.००४५५८७९ |
| ५३ | भोजपुर | १०६०८ | हतुवागढी गाउँपालिका | ०.००३१७४९६ |
| ५४ | भोजपुर | १०६०९ | आमचोक गाउँपालिका | ०.००३३५०२३ |
| ५५ | धनकुटा | १०७०१ | महालक्ष्मी नगरपालिका | ०.००५०२०९४ |

| क्र.सं. | जिल्ला | संकेत नं. | स्थानीय सरकारको नाम | सवारी साधन करको बाँडफाँट हिस्सा |
|---|---|---|---|---|
| ५६ | धनकुटा | १०७०२ | पाख्रिबास नगरपालिका | ०.००९२६१२३ |
| ५७ | धनकुटा | १०७०३ | छथर जोरपाटी गाउँपालिका | ०.००३४७८७२ |
| ५८ | धनकुटा | १०७०४ | धनकुटा नगरपालिका | ०.००९२३१९७ |
| ५९ | धनकुटा | १०७०५ | सहिदभुमी गाउँपालिका | ०.००२७८१४७ |
| ६० | धनकुटा | १०७०६ | साँगुरीगढी गाउँपालिका | ०.००४६९०२३ |
| ६१ | धनकुटा | १०७०७ | चौविसे गाउँपालिका | ०.००४५२६४१ |
| ६२ | तेह्रथुम | १०८०१ | आठराई गाउँपालिका | ०.००५८५९२६ |
| ६३ | तेह्रथुम | १०८०२ | फेदाप गाउँपालिका | ०.००४६८७१७ |
| ६४ | तेह्रथुम | १०८०३ | मेन्छयायेम गाउँपालिका | ०.००१७७७१८ |
| ६५ | तेह्रथुम | १०८०४ | म्याङ्गलुङ्ग नगरपालिका | ०.०११८१८४८ |
| ६६ | तेह्रथुम | १०८०५ | लालीगुराँस नगरपालिका | ०.००४४१०१४ |
| ६७ | तेह्रथुम | १०८०६ | छथर गाउँपालिका | ०.००३७८६२० |
| ६८ | पाँचथर | १०९०१ | याङवरक गाउँपालिका | ०.००४६३४१८ |
| ६९ | पाँचथर | १०९०२ | हिलिहाङ्ग गाउँपालिका | ०.००४४९७७४ |
| ७० | पाँचथर | १०९०३ | फालेलुङ्ग गाउँपालिका | ०.००४६८५२३ |
| ७१ | पाँचथर | १०९०४ | फिदिम नगरपालिका | ०.०११९१९४६ |
| ७२ | पाँचथर | १०९०५ | फाल्गुनन्द गाउँपालिका | ०.००४०६८९७ |
| ७३ | पाँचथर | १०९०६ | कुम्मायक गाउँपालिका | ०.००३२६५९७ |
| ७४ | पाँचथर | १०९०७ | तुम्बेवा गाउँपालिका | ०.००२४७९०७ |
| ७५ | पाँचथर | १०९०८ | मिक्लाजुङ गाउँपालिका | ०.००५६१०८५ |
| ७६ | इलाम | ११००१ | माई जोगमाई गाउँपालिका | ०.००५२३८३६ |
| ७७ | इलाम | ११००२ | सन्दकपुर गाउँपालिका | ०.००५१०४९२ |
| ७८ | इलाम | ११००३ | ईलाम नगरपालिका | ०.०१३६१००५ |
| ७९ | इलाम | ११००४ | देउमाई नगरपालिका | ०.००६८६९२६ |
| ८० | इलाम | ११००५ | फाकफोकथुम गाउँपालिका | ०.००५४०४४७ |
| ८१ | इलाम | ११००६ | माङसेबुङ गाउापालिका | ०.००५२९६२३ |
| ८२ | इलाम | ११००७ | चुलाचुली गाउँपालिका | ०.००४१८८८३ |
| ८३ | इलाम | ११००८ | माई नगरपालिका | ०.००६४५१२० |
| ८४ | इलाम | ११००९ | सूर्योदय नगरपालिका | ०.०२६४४७३५ |

| क्र.सं. | जिल्ला | संकेत नं. | स्थानीय सरकारको नाम | सवारी साधन करको बाँडफाँट हिस्सा |
|---|---|---|---|---|
| ८५ | इलाम | ११०१० | रोङ गाउँपालिका | ०.००५००५९८ |
| ८६ | झापा | १११०१ | मेचीनगर नगरपालिका | ०.०१८६४८०६ |
| ८७ | झापा | १११०२ | बुद्धशान्ति गाउँपालिका | ०.००५५९४७० |
| ८८ | झापा | १११०३ | अर्जुनधारा नगरपालिका | ०.०१७७७६४० |
| ८९ | झापा | १११०४ | कन्काई नगरपालिका | ०.०१११९९३४ |
| ९० | झापा | १११०५ | शिवसताक्षी नगरपालिका | ०.०१४६५५४९ |
| ९१ | झापा | १११०६ | कमल गाउँपालिका | ०.००७३८०४६ |
| ९२ | झापा | १११०७ | दमक नगरपालिका | ०.००८०६७२० |
| ९३ | झापा | १११०८ | गौरादह नगरपालिका | ०.००८००४३३ |
| ९४ | झापा | १११०९ | गौरिगञ्ज गाउँपालिका | ०.००४७८४५१ |
| ९५ | झापा | ११११० | झापा गाउँपालिका | ०.००४८००५७ |
| ९६ | झापा | ११११ | बाह्रदशी गाउँपालिका | ०.००४७८३८६ |
| ९७ | झापा | ११११२ | बिर्तामोड नगरपालिका | ०.०१३३०८५१ |
| ९८ | झापा | ११११३ | हल्दीबारी गाउँपालिका | ०.००४५६७८१ |
| ९९ | झापा | ११११४ | भद्रमपुर नगरपालिका | ०.००९०६३३२ |
| १०० | झापा | ११११५ | कचनकवल गाउँपालिका | ०.००५००३६७ |
| १०१ | मोरङ | ११२०१ | मिक्लाजुङ्ग गाउँपालिका | ०.००५३९६४४ |
| १०२ | मोरङ | ११२०२ | लेटाङ नगरपालिका | ०.००७२८८०५ |
| १०३ | मोरङ | ११२०३ | केराबारी गाउँपालिका | ०.००६१४६४१ |
| १०४ | मोरङ | ११२०४ | सुन्दरहरैंचा नगरपालिका | ०.०१८६५१७८ |
| १०५ | मोरङ | ११२०५ | बेलबारी नगरपालिका | ०.०१८१०८०५ |
| १०६ | मोरङ | ११२०६ | कानेपोखरी गाउँपालिका | ०.००५७१५९९ |
| १०७ | मोरङ | ११२०७ | पथरी शनिश्चरे नगरपालिका | ०.०१६६७७७५ |
| १०८ | मोरङ | ११२०८ | उर्लाबारी नगरपालिका | ०.०१०३२७०४ |
| १०९ | मोरङ | ११२०९ | रतुवामाई नगरपालिका | ०.००७९८५१४ |
| ११० | मोरङ | ११२१० | सुनवर्षी नगरपालिका | ०.००७६४६७४ |
| १११ | मोरङ | ११२११ | रंगेली नगरपालिका | ०.००८७७५४३ |
| ११२ | मोरङ | ११२१२ | ग्रामथान गाउँपालिका | ०.००४६५६१८ |
| ११३ | मोरङ | ११२१३ | बुढीगंगा गाउँपालिका | ०.००५४५२८२ |

| क्र.सं. | जिल्ला | संकेत नं. | स्थानीय सरकारको नाम | सवारी साधन करको बाँडफाँट हिस्सा |
|---|---|---|---|---|
| ११४ | मोरङ | ११२१४ | बिराटनगर महानगरपालिका | ०.०४५३९५२३ |
| ११५ | मोरङ | ११२१५ | कटहरी गाउँपालिका | ०.००५१८३६४ |
| ११६ | मोरङ | ११२१६ | धनपालथान गाउँपालिका | ०.००५४०४३१ |
| ११७ | मोरङ | ११२१७ | जहदा गाउँपालिका | ०.००५५८१८७ |
| ११८ | सुनसरी | ११३०१ | धरान उपमहानगरपालिका | ०.०२०७६८१२ |
| ११९ | सुनसरी | ११३०२ | बराहक्षेत्र नगरपालिका | ०.०१०४२७१९ |
| १२० | सुनसरी | ११३०३ | कोशी गाउँपालिका | ०.००५१०४८८ |
| १२१ | सुनसरी | ११३०४ | भोक्राहा नरसिंह गाउँपालिका | ०.००४९५०३९ |
| १२२ | सुनसरी | ११३०५ | रामधुनी नगरपालिका | ०.००६२२२१४ |
| १२३ | सुनसरी | ११३०६ | ईटहरी उपमहानगरपालिका | ०.०२३७७३६० |
| १२४ | सुनसरी | ११३०७ | दुहबी नगरपालिका | ०.०११७६४१० |
| १२५ | सुनसरी | ११३०८ | गढी गाउँपालिका | ०.००४५०६११ |
| १२६ | सुनसरी | ११३०९ | इनरुवा नगरपालिका | ०.००९८१०६९ |
| १२७ | सुनसरी | ११३१० | हरिनगर गाउँपालिका | ०.००४६६९७७ |
| १२८ | सुनसरी | ११३११ | देवानगन्ज गाउँपालिका | ०.००४४५५२७ |
| १२९ | सुनसरी | ११३१२ | बर्जु गाउँपालिका | ०.००३९८६७१ |
| १३० | उदयपुर | ११४०१ | बेलका नगरपालिका | ०.००७४१८३५ |
| १३१ | उदयपुर | ११४०२ | चौदण्डीगढी नगरपालिका | ०.०१८९९२७८ |
| १३२ | उदयपुर | ११४०३ | त्रियुगा नगरपालिका | ०.०१९६३५७३ |
| १३३ | उदयपुर | ११४०४ | रौतामाई गाउँपालिका | ०.००५३०६०६ |
| १३४ | उदयपुर | ११४०५ | लिम्चुङ्बुङ गाउँपालिका | ०.००२५२३६८ |
| १३५ | उदयपुर | ११४०६ | ताप्ली गाउँपालिका | ०.००३१९७२३ |
| १३६ | उदयपुर | ११४०७ | कटारी नगरपालिका | ०.०२३७५०६३ |
| १३७ | उदयपुर | ११४०८ | उदयपुरगढी गाउँपालिका | ०.००६००२९२ |
| | | | **जम्मा** | **१.००००००००** |